राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयक

# प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति : २०८१ मंसिर, २८ गते

**स्थान : राप्ती सोनारी गाउँपालिका वडा नं.०८ मा रहेको शिवशक्ति मा.वि.को खुल्ला मैदान**




*सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवाल तथा प्रश्नको जवाफ राख्दै राप्ती सोनारी गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यू*

**सहजीकरण :**

**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**

**(OCDC,Banke)**

कोहलपुर ११, बाँके

फोन नं. : ०८१-५४०२७७

ईमेल :ocdcmidwest@gmail.com

**आयोजक :**

**राप्ती सोनारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

अगैया, बाँके

(लुम्बिनी प्रदेश),नेपाल

# राप्ती सोनारी गाउँपालिकाको
## प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रगति प्रतिवेदन

**१ पृष्ठभूमि : रा**ज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाकिारीहरुले गर्ने गतिविधीका वारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ ,यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नोत्तर गर्ने सामुदायिक साझा मञ्चलाई **सार्वजनिक सुनुवाई** भनिन्छ । यसले स्थानीय नागरिकहरुमा स्थानिय सरकारमार्फत संचालन भएका विकास योजनाप्रति आमजनसमुदायको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको अभ्यास गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको **एकआपस टेलिभिजन** कार्यक्रमबाट सुरुवात भएको थियो । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई "**सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने,। यसै गरी यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ बमोजिम राप्ती सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आफुले संचालन गरेका कृयाकलाप तथा प्रदान गर्ने सेवाहरु संचालनमा नागरिकप्रति जवाफदेही वनाउन नागरिकहरुको संलग्नता सहित गाउँपालिका र वडा कार्यालयले प्रवाह गर्ने सेवा तथा सुविधा सम्बन्धी नागरिकहरुका सवालहरुको पहिचान गरी आमनागरिकको माझमा स्थानीय सरकारका प्रतिनिधि सहितको साझा बहसको आवश्यकता महशुष भई **सार्वजनिक सुनुवाई कार्यक्रम** प्रस्तावित गरिएको छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, यस गाउँपालिकाको "सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८०को दफा ४७" र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा (५) मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । सोहि कुरालाई मध्येनजर गर्दै उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा राप्ती सोनारी गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिमा कार्यालयबाट प्रबाह गरिएको सेवा सुविधाको प्रभावकारिता र संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयताबारे राप्ती सोनारी गाउँपालिका वडा नम्बर ०८ स्थित श्री शिवशक्ति मा.बि.को प्राङ्गणमा १३१ बढी नागरिकहरुको सहभागीतामा मिति २०८१ साल मंसिर २८ गतेका दिन प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

## २.कार्यक्रमका उद्देश्यहरु :

१. राप्ती सोनारी गाउँकार्यपालिका र सबै वडा कार्यालयले प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउने ।

२. गाउँपालिकाकाको काम कारबाही बारे पालिकाबासीहरुलाई जानकारी गराउने ।

३. राप्ती सोनारी गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरी गुनासो व्यवस्थापनमा जोड दिने ।

४. राप्ती सोनारी गाउँपालिकाबाट प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा सरोकारवाला सर्वसाधारण नागरिकहरुबाट पृष्टपोषण लिने ।

५. सेवाग्राही नागरिकबाट आएका सुधारका सुझाव एवं गुनासोहरुको सुधारको कार्ययोजना निर्माण एवं सामुहिक प्रतिवद्धता तयार गर्ने ।

**३.सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु :** राप्ती सोनारी प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०)को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ४७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ को (५) बमोजिम प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

**३.१ ऐन,नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन :** सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपुर्व स्थानीय सरकार संचालन ऐन, २०७४, सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ र यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा (४७) लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो । यसका साथै गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के-कस्ता खालका छन् ? ति कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न गाउँपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर गाउँपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयबाट प्रदान गरिएको सेवा सुविधा प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताको बारेमा विस्तृत अध्ययन गरिएको थियो ।

**३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) :** गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवाप्रदायक कार्यालयहरु : कृषि शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-२० बमोजिम उनिहरुले लिएको सेवा सुविधाको विषयमा ५० जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

**३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart) :** यस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० को अनुसूची-१९ बमोजिम सेवाग्राही नागरिकहरु तथा अन्य सरोकारवालाहरुले राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा ५० जना सबै वडाका नागरिकहरुसँग नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाईलाई विश्लेषण गरी प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

**३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण :** राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल, उपाध्यक्ष श्री मनीषा सिंह थारु र प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात राप्ती सोनारी गाउँपालिकाको वडा नं.०८ मा रहेको श्री शिवशक्ति मा.वि.को खुल्ला मैदानमा २०८१ साल मंसिर २८ गते शुक्रबारका दिन दिउँसो २:०० बजे प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

**३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार :** राप्ती सोनारी गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई हुने सम्बन्धमा राप्ती सोनारी गाउँपालिकाका आमसर्वसाधरण नागरिक, संचार जगत लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको

बारेमा पत्राचार, सार्वजनिक स्थलमा सूचना टाँस, निमण्त्रणा पत्र, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

**३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :** राप्ती सोनारी गाउँपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको वडा नं.०८ मा रहेको श्री शिवशक्ति मा.वि.को खुल्ला मैदानमा २०८१ साल मंसिर २८ गते शुक्रबारका दिन दिउँसो २:३० बजे देखि प्रमुख जवाफदेही वक्ता राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यूको अध्यक्षतामा भएको थियो जसमा अन्य जवाफदेही वक्तामा, उपाध्यक्ष श्री मनीषा सिंह थारु, प्रमुख प्रशासकीय अधिकृत श्री दान बहादुर ऐडी, पूर्व उपाध्यक्ष श्री धनी कुमारी खत्री, वडा नं.०१ का वडा अध्यक्ष श्री याम बहादुर खडका, वडा नं.०३ का अध्यक्ष श्री मिन कुमार थारु, वडा नं.०८ का अध्यक्ष श्री सालिकराम डाङ्गी, वडा नं.०९ का अध्यक्ष श्री सोहनलाल थारु, कार्यपालिका सदस्य श्री सुमित्रा थारु, कार्यपालिका सदस्य श्री गौत्र कुमारी डाङ्गी, कार्यपालिका सदस्य श्री राधिका सुनार, शिक्षा, युवा तथा खेलकूद विकाश शाखा प्रमुख श्री जिवन न्यौपाने, इन्जिनियर यथेष्ठ पुनमगर, पशु सेवा शाखा प्रमुख श्री जय बहादुर कार्की, स्वास्थ्य शाखा प्रमुख श्री देवेन्द्र कुमार के.सी., कृषि विकास शाखाका श्री दिनेश रत्नैया लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले पालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ राप्ती सोनारी गाउँपालिका र वडा कार्यालयले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ११ बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

## ४. सुनुवाई गरिएका विषयवस्तुहरु :-

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधा सम्बन्धमा ।
- गाउँ कार्यपालिका कार्यालयको पारर्दशिता सम्बन्धमा ।
- वडा कार्यालयले प्रथम चौमासिक भित्र संचालन गरेको योजना तथा प्रगति सम्बन्धमा।
- गुनासो संकलन र ब्यवस्थापन सम्बन्धमा ।
- नागरिक वडापत्रको प्रभाबकारिता सम्बन्धमा ।
- लक्षित वर्गको कार्यक्रम सम्बन्धमा ।
- सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा ।
- विकास निमार्णको गुणस्तरियता सम्बन्धमा ।

**५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** सार्वजनिक सुनुवाई कार्यक्रम राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०८० बमोजिम संचालन गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम २०८१ साल मंसिर २८ गते दिउँसो २:३० बजेदेखि ४:३० बजे सम्म जम्मा २ घण्टा सम्म चलेको थियो ।

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो /सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | श्री अञ्जना बस्नेत विष्ट राप्ती सोनारी-०८ | १. प्रत्येक वर्ष महिला शसक्तिकरण र विकासका लागि पालिलका तथा वडाबाट बजेट विनियोजन भएको हुन्छ तर हामीलाई जानकारी किन हुँदैन् ?<br>२.कतिजना महिलाहरु सक्षम बनाउनु भएको हुनुहुन्छ ? | श्री तप्त बहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | • हजुरले उठाएको प्रश्नका लागि धन्यवाद र चालु तथा आगामी वर्षमा महिलाहरुको उत्थान र विकासका लागि यथेष्ट बजेट विनियोजन गरिने छ र सबै वडा र टोलका महिला दिदि बहिनीहरुलाई सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ । |
| | | | श्री मनिषा सिंह थारु (गाउँपालिका उपाध्यक्ष) | • महिला दिदि बहिनीहरुको उत्थान, विकास र शसक्तिकरणका लागी हरेक वर्ष पालिका र वडाको तर्फबाट कार्यक्रम र बजेट विनियोजन गरिएको छ तर सिमित आर्थिक स्रोतका कारण सबैलाई सहभागि गराउन नसेका तापनि सबैलाई समेट्नका लागि प्रयास गरिने छ । |
| | | | श्री शालिकराम डाङ्गी (वडा अध्यक्ष वडा नं.०९) | • वडाको तर्फबाट पनि केहि बजेट विनियोजन गरी महिला दिदि बहिनीको उत्थान र विकासका लागि काम गर्ने प्रयास गरिएको छ र पालिकाको तर्फबाट समेत कामहरु वडामा हुनुपर्ने देखिन्छ । |
| २. | श्री मन बहादुर कुसारी राप्ती सोनारी-०८ | १. भूमिहिन सुकुम्बासीको काम के कति भयो जानकारी दिनुपर्ने ?<br>२. सफा, स्वच्छ, फोहोरमैला रहित बजार व्यवस्थापन अर्न्तगत ८ नं. को सडक वरीपरिको फोहोर व्यवस्थापन किन नगरिएको ।<br>३.कुनै पनि कार्यक्रमको टोल विकास संस्थालाई जानकारी र वितरणको कुरा गरिन्छ तर पूर्वाधार विकासका लागि रु.४ लाखको काम पनि गर्न दिईदैन् किन ?<br>३. किसानलाई मल किन समयमा नै उपलब्ध हुँदैन् ? | श्री तप्त बहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | • भूमिहिन सुकुम्बासीको तथ्याङ्क संकलन र तथ्याङ्क इन्ट्रीको काम भई रहेको छ भने, जग्गाको नापनक्शा लगायतका अन्य आवश्यक कार्य गर्नका लागि पालिकाको तर्फबाट यथेष्ट बजेट विनियोजन गरिएको छ । वडा नं.०३ र ०४ को सबै काम पुरा भई लालपूर्जा वितरणका लागि तयारी अवस्थामा रहेको छ ।<br>• ८ नं.वडाको शहरी क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्दै सफा र स्वच्छ पालिका निर्माणका लागि बजार क्षेत्रमा आवश्यक मात्रामा डस्टविनको व्यवस्थापन गरिएको छ । पालिकाको दीगो रुपमा फोहोरमैला व्यवस्थापनका लागि ९ नं. वडामा ल्याण्डफिल साईटको निर्माणका लागि आवश्यक कार्य अगाडी बढाईएको छ ।<br>• मलको समस्या यो पालिकाको मात्रै नभएर देशकै मुल समस्याको रुपमा रहेको र पालिका भित्र समयमा नै मलको व्यवस्थापनका लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिने छ । |
| ३. | श्री हरिभक्त पौडेल राप्ती सोनारी-०२ | १. पालिकाका पशु सेवा प्राविधिकले नीजि भन्दा बढी शुल्क लिएका छन्, यो लिन पाउँछन् कि पाउँदैनन् ?<br>२. रनिङ्ग शिल्ड आयोजना गर्ने विद्यालयले रनिङ्ग शिल्डको लागि रकम अभावका कारणले | श्री तप्त बहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | • रनिङ्ग शिल्डका लागि पालिकाको तर्फबाट केही बजेट अपुग भएतापनि आगामी वर्षमा यथेष्ट बजेट विनियोजन गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यार्थीहरुबाट रकम उठाउनुपर्ने स्थिति किन सिर्जना गरियो ?<br>३.वडा नं.२ राजपुरका नागरिकले सेवा लिन कचनापुर जानुपर्ने अवस्था रहेको छ । किन यो टोललाई सेवा लिन पायक वडा नं. ०८ वा वडा नं.०९ मा नराखिएको हो ?<br>३. टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार के हो ?<br>४. स्थानीय स्रोत र साधनमा स्थानीय वासिन्दाको सहज पहुँच र नियन्त्रण हुने भन्ने नीतिगत व्यवस्था रहेको तर अहिले स्थानीय स्रोतको उपयोग दस्तुर ज्याँदै महंगो किन भएको हो ? किन गिट्टी र ढुंगा प्रतिटिप रु.२,५००।- बनाईएको हो ? | | |
| | | | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | • लुम्बिनी प्रदेश सरकारले तोकेको दररेट अनुसार प्राकृतिक स्रोतको उपयोगमा पालिकाले स्थानीय बासिन्दालाई स्रोत उपयोग गरे वापत दररेट तोकिएको हो आगामी दिनमा स्थानीय बासीन्दाको गुनासो सम्बोधनकान लागि सम्बद्ध निकायसँग पहल गरिने छ । |
| | | | श्री जय बहादुर कार्की (पशुसेवा शाखा प्रमुख) | • कार्यालय समयमा किसानलाई दिएको सेवामा प्राविधिकबाट कुनै प्रकारको सेवा शुल्क लिईएको छैन् । कार्यालय समय वाहेक प्राविधिकको पनि नीजि एग्रोभेट भएको हुँदा उनीहरुले आफ्ने समय र लागतको आधारमा शुल्क लिएका छन् |
| ४. | श्री प्रकाश खत्री<br>राप्ती सोनारी-०२ | १.कृषि मिटर लालपूर्जावालाले मात्रै पाउने ऐलानी प्रति जग्गावालाले किन पाउँदैन् ?<br>२.गाउँपालिकाले कागतीको बिरुवा प्रदान गरेको तर हालसम्म पनि किन नफलेको होला ? | श्री तप्त बहादुर पौडेल (गाउँपालिका अध्यक्ष) | • मिटर जडान गर्ने कुरा विधुत प्राधिकरणका अधिकारक्षेत्र भित्र रहेको हुँदा कृषि मिटर जडानको लागि लालपूर्जा भएको जमीन अनिवार्य रहेको ।<br>• कागतीको बिरुवाको कैफियत सम्बन्धमा पालिकाको तर्फबाट बनेको छानबीन समितिले सबै पिडित किसानले क्षतीपुर्ती पाईसकेको भन्ने प्रतिवेदन पेश गरेको छ । |
| ५. | श्री धनी कुमारी खत्री<br>राप्ती सोनारी-०८ | १. धान गहुँ लगायत तरकारीको बिउ सबैलाई पुग्ने गरी किन नदिएको ? | श्री तप्त बहादुर पौडेल (गाउँपालिका अध्यक्ष)) | • पालिकाले यस वर्ष पनि कृषिको लागि पुग्ने बजेट विनियोजन गरेको छ र केही कमी भए आगामी वर्षमा थप गरिने छ । |
| | | २.पालिकाले प्रदान गरेको बिउँको गुणस्तर राम्रो नभएको ? | श्री दान बहादुर ऐडी (प्रमुख प्रशासकीय अधिकृत) | • पालिकाले गुणस्तर प्राप्त फर्मबाट बिउँ बिजन गरेको छ र यसमा पनि केही कैफियत भएमा सम्बन्धित पक्षलाई कारबाही गरिने छ । |

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु :** यस राप्ती सोनारी गाउँपालिकाको प्रथम चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले भौतिक पूर्वाधार विकास अर्न्तगत सडक, पुल पुलेसा आदिको गुणस्तर, कृषि, पशुपन्छी, मल, बिउँ, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य, खानेपानी, लक्षित वर्ग उत्थान, विकास, सशक्तिकरण र रोजगारी सिर्जना, फोहोर मैला व्यवस्थापन, बजार व्यवस्थापन, बाँके राष्ट्रिय निकुञ्ज एवं यसबाट सिर्जना भएको मानव बन्यजन्तु बीचको द्वन्द र सेवा प्रवाह लगायतका सन्र्दभमा उपस्थित पालिकाबासीहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण :** सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट जवाफको सुधारको १३ बुँदे साझा सार्वजनिक प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्याम र पालिकाको वेबसाईटमा राखी सबै सरोकारवालाहरुलाई सार्वजनिक गरिएको थियो ।

**९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण :** राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख, टोल विकास संस्थाका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोगता समुह र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेशी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ६७ | ६४ | १३१ | १४ | ३९ | २ | ६५ |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु :** मिति २०८१ साल मंसिर २८ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| क्र.स. | नाम थर | कार्यालय, संस्था, समुहको नाम वा ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | राप्ती सोनारी गाउँपालिका | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | ,, ,, | उपाध्यक्ष | |
| ३ | श्री दान बहादुर ऐडी | ,, ,, | प्र.प्र.अ. | |
| ४ | श्री याम बहादुर खडका | राप्ती सोनारी वडा नं.०१ | वडा अध्यक्ष | |
| ५ | श्री मिन कुमार चौधरी | राप्ती सोनारी वडा नं.०३ | वडा अध्यक्ष | |
| ६ | श्री सालीकराम डाँगी | राप्ती सोनारी वडा नं.०८ | वडा अध्यक्ष | |
| ७ | श्री सोहनलाल थारु | राप्ती सोनारी वडा नं.०९ | वडा अध्यक्ष | |
| ८ | श्री सुमित्रा थारु | राप्ती सोनारी वडा नं.० | कार्यपालिका सदस्य | |
| ९ | श्री यम कुमारी वली | राप्ती सोनारी वडा नं.०१ | कार्यपालिका सदस्य | |
| १० | श्री गौत्र कुमारी डाँगी | राप्ती सोनारी वडा नं.०८ | कार्यपालिका सदस्य | |
| १० | श्री राधिका सुनार | राप्ती सोनारी वडा नं.०९ | कार्यपालिका सदस्य | |
| ११ | श्री जीवन न्यौपाने | शिक्षा, युवा तथा खेलकूद शाखा | शाखा प्रमुख | |
| १२ | श्री यथेष्ठ पुनमगर | प्राविधिक शाखा | इन्जिनियर | |
| १३ | श्री दिनेश रत्नौया | कृषि विकास शाखा | कृषि अधिकृत | |
| १४ | श्री जयबहादुर कार्की | पशु सेवा शाखा | शाखा प्रमुख | |
| १५ | श्री देवेन्द्र कुमार के.सी. | स्वास्थ्य शाखा | शाखा प्रमुख | |
| १६ | श्री चन्द्रा कुमारी शाही | कृषि विकास शाखा | प्रा.स. | |
| १७ | श्री माधव कुमार डाङ्गी | रोजगार सेवा केन्द्र/शाखा | रोजगार संयोजक | |
| १८ | श्री तुल्सीदेवी सापकोटा | आ.प्र.शाखा | शाखा प्रमुख | |
| १९ | श्री तिम्बर बुढामगर | पशु सेवा शाखा | प.स्वा.प्रा. | |
| २० | श्री जनार्दन पौडेल | सूचना प्रविधि शाखा | सूचना प्रविधि | |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत | |
| २१ | श्री सम्झना दलामी | महिला तथा बालबालिका शाखा | शाखा प्रमुख | |
| २२ | श्री मिना श्रेष्ठ | राप्ती सोनारी गाउँपालिका | शाखा प्रमुख | |
| २३ | श्री सागर आचार्य | राप्ती सोनारी गाउँपालिका, आ.ले.प.शाखा | शाखा प्रमुख | |
| २४ | श्री विराट पौड्याल | राप्ती सोनारी गाउँपालिका वडा नं.८ को कार्यालय | वडा सचिव | |

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु :** राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुबाट गरिएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आमसर्वसाधारण नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ र पालिकाले गरेका राम्रा कामहरुको बारेमा जनस्तरमा सकारात्मक सन्देश प्रवाह भएको छ ।
- राप्ती सोनारी गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका तथा विकास निर्माण सम्बन्धी कार्यको बारेमा प्रमुख जिम्मेवार पदाधिकारीहरुलाई आमसर्वसाधरण नागरिक र सरोकारवालाहरुको धारणा जिम्मेवार पदाधिकारीहरुलाई जानकारी प्राप्त भएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा आम सर्वसाधरण नागरिकहरुले साझा चौतारीको रुपमा उपयोग गर्दै पालिकाका जवाफदेही पदाधिकारीसँग बृहत एवं खुल्ला छलफलका र बहस गरेका थिए जसबाट सर्वसाधारण नागरिकका वास्तविक सवालहरुको पहिचान भई सो को समाधानका लागि आवश्यक कामहरुको थालनी भएको छ ।
- समग्रमा पालिकाको सुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा टेवा पुगेको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुबिधाको प्रभाबकारिता र विकास निर्माण कार्यको गुणस्तरीयताका बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्टपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाको तर्फबाट आगामी दिनमा सुधार गर्नुपर्ने कार्यहरुको योजना निर्माणमा महत्वपूर्ण सहयोग पुगेको छ ।
- पालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने नागरिक उत्तरदायित्व र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो सुनुवाई गर्न तत्काल र दीर्घकालिन रुपमा गर्नुपर्ने १३ (तेरह) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।

**१२. सुझाब तथा निष्कर्ष :** यस गाउँपालिकाले दोस्रो पटक भएको स्थानीय तहको निर्वाचन पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित भई आएका जनप्रतिनिधिहरुले पहिलो कार्यकालमा अगाडी सारेका र राप्ती सोनारी गाउँपालिकालाई दिर्घकालिन रुपमा प्रतिफल प्रदान गर्ने वहुवर्षिय योजनाहरुलाई समयमा नै सम्पन्न गर्न यथेष्ट रुपमा बजेट विनियोजन गरेको छ ।

यस गाउँपालिकालाई सुशासनयुक्त, जवाफदेही, पारदर्शि र जनमैत्री पालिका बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो पेटिका, स्थानीय न्यायिक समिति मार्फत स्थानीय स्तरका विवादहरुको निरुपण र मेलमिलापकर्ताकहरुको क्षमता विकास,भई रहेका विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न योजना स्थलमा सार्वजनिक सूचना पाटीको व्यवस्था, सार्वजनिक परिक्षण, पालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको तर्फबाट नियमित रुपमा अनुगमन मूल्याङ्कन लगायतका कार्य प्रभावकारी रुपमा गरेको पाईन्छ, भने विकासको दृष्टिकोणले पछाडि परेको समुदायको सघन वस्ती रहेको क्षेत्र र विकट स्थानलाई पहिलो प्राथमिकता राखी विकास निर्माणको कार्यलाई अगाडी बढाएको देखिन्छ । गाउँपालिकाको कार्यालयमा सबै विषयगत शाखाहरुको स्थापना र सोही शाखामार्फत आफ्नो क्षेत्राधिकार भित्र रहेका कार्यहरु गर्न उत्तरदायी बनाएको छ । आगामी दिनमा पालिकाले प्रवाह गर्ने सेवासुविधाको प्रभावकारीता अभिबृद्धिका साथै भई रहेका विकास निर्माण सम्बन्धी कार्यलाई अझै गुणस्तीय, दीगो एवं प्रतिफलयुक्त, व्यवस्थित, समावेशी एवं पारदर्शी बनाउन देहाय बमोजिमको कार्यहरु गर्न आवश्यक देखिन्छ ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित बर्षमा ३ ओटा गर्नुपर्ने देखिन्छ ।
२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

३. कार्यक्रममा सबै वडाका जनप्रतिनिधिहरु सदस्य र वडा अध्यक्ष र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता रहने गरी समन्वय गर्नुपर्ने ।

४. गाउँपालिका र सबै वडा कार्यालयहरुमा रहेका नागरिक वडापत्रको समयमै अध्यावधिक गरिनु पर्ने ।

५. गाउँपालिकाले सबै सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीमा काम गर्नुपर्ने तथा सोका लागि सार्वजनिक नीजि साझेदारी (पिपिपि मोडेल) सम्बन्धी कार्यविधि र ऐन निर्माण गर्नुपर्ने ।

६. लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरणका लागि ऐन र कार्यविधि निर्माण गरी सोहि ऐन बमोजिम काम गर्नुपर्ने ।

७. गाउँपालिकाले सबै क्षेत्रको यथोचित विकास गर्न दिर्घकालिन योजना (मास्टर प्लान), आवधिक योजना र मध्ययमकालिन खर्च संरचना तयार गरी सोही बमोजिम वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमा गरी कार्यान्वयन गरिनुपर्ने ।

८. मानवीय एवं सामाजिक पूँजी निर्माण र आर्थिक विकासमा उचीत ध्यान दिईनुपर्ने ।

९. गाउँपालिका क्षेत्रमा खेलकूदको विकासका लागि काम गरिनुपर्ने ।

# अनुसूची-१
## सार्वजनिक सुनुवाई कार्यक्रममा जारी गरिएको प्रतिवद्धताहरुः

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
(लुम्बिनी प्रदेश,नेपाल)

मिति : २०८१/०८/२८ गते

**स्थान : राप्ती सोनारी गाउँपालिका वडा नं.०८ शिवशक्ति मा.वि.को खुल्ला मैदान**

**आ.व.२०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धता**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चाल) ऐन, २०६४ को दफा (३०) को उपदफा (१) तथा नेपालको प्रचलित कानून वमोजिम यस राप्ती सोनारी गाउँपालिकाको सुशासन र जवाफदेहिता प्रवर्द्धनका लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरु नियमित एवं व्यवस्थित तवरले सम्पादन गरी सुशासनयुक्त पालिका बनाईने छ ।

२. गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयमा नागरिक वडा पत्र, गुनासो/सुझाव पेटीका र सूचना पार्टीको उचीत व्यवस्थापन गर्दै नियमित रुपमा अध्यावधिक गरिने छ ।

३. गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयबाट हुने कुनै पनि विकास निर्माण सम्बन्धी कामहरुमा सबैको पहुँच पुग्ने गरी कार्यान्वियन हुने व्यवस्था मिलाईने छ ।

४. लक्षित वर्ग र समुदायको उत्थान, विकास, सशक्तिकरण एवं स्वरोजगार बनाउन लक्षित वर्गको माग र आवश्यकतामा आधारित योजना तथा कार्यक्रम तर्जुमा गरी यी वर्गको पूर्ण सहभागितामा कार्यक्रम कार्यान्वियगर्न आवश्यक नीतिगत प्रबन्ध गरिने छ ।

५. गाउँपालिका र वडाको वस्तु स्थिती विवरण (प्रोफायल, आवधिक विकास योजना (Peoridic Plan), एवं मध्ययमकालिन खर्च योजना (Medium Term Expenditure Framework) एवं क्षेत्रगत गुरुयोजना निर्माण गरी सोही आधारमा योजना तथा कार्यक्रमहरु तर्जूमा गरी कार्यान्वयन गरिने छ ।

६. पालिकाका सबै वडा र टोलहरुलाई पालिकाको केन्द्र तथा वडाको केन्द्र सम्म पहुँच स्थापित हुने गरी सडक, पुल, नाली, कल्भर्ट लगायतका न्यूतम पुर्वाधारहरुको विकासलाई प्राथमकितासाथ कार्यान्वयन गर्दै ठेक्का सम्झौता भएका आयोजनाहरुको समयमा नै निर्माण सम्पन्न एवं गुणस्तर कायम गर्न नियमित अनुगमन, मुल्याङ्कन तथा साईट क्लिरेन्स लगायतका कार्यहरु गरिने छ ।

७. महिला, युवा एवं लक्षित वर्गहरुको सशक्तिकरण, नेतृत्व तथा क्षमता विकास, आय-आर्जन अभिबृद्धि, रोजगारी सिर्जना र दक्ष सीपयुक्त जनशक्ति उत्पादन हुने खालका योजनाहरु प्राथकितामा राखी कार्यान्वयन गरिने छ । पालिकाको तर्फबाट दक्ष सीपयुक्त जनशक्तिको प्रमाणिकरण गरी सो को विवरण समेत सार्वजनिक गरिने छ ।

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

... बहादुर ऐडी ... प्रशासकीय अधिकृत

८. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समयमा नै नापनक्शा गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न केन्द्रिय र जिल्ला भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय र सहकार्य गरिने छ।

९. गाउँपालिकाको शहरी तथा शहरोन्मूख क्षेत्रको फोहरमैलाको उचीत एवं दीर्घकालिन व्यवस्थापनका लागि श्रोतमा नै प्रशोधन, संङ्कलन र विर्सजन थ्री-आर विधि (Recyle, Reuse and Reduce, 3R) अवलम्बन लगायत ल्याण्डफिल साईट निर्माण कार्यका लागि पहल गरिने छ।

१०. कृषि तथा पशुपन्छी उत्पादन र उत्पादकत्व बृद्धिका लागि समयमा नै किसानलाई गुणस्तरीय विउविजन, मल र आवश्यक प्राविधिक सेवा उपलब्ध गराईने छ।

११. सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धि गर्न र विद्यालय शिक्षालाई पूर्ण रुपमा निःशुल्क बनाउन गाउँ शिक्षा योजना निर्माणमा सबै सरोकारवाला पक्षको सल्लाह सुझाव समेटीने छ र सोही आधारमा पालिकामा शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गरिने छ।

१२. यस गाउँपालिकामा निर्माणको चरणमाा रहेका खानेपानी तथा सरसफाई आयोजनाहरुलाई समयमा नै निर्माण सम्पन्न गरी संचालनमा ल्याउन तथा संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिको शुल्कमा एकरुपता एवं गुणस्तर कायम गर्न पालिकाको तर्फबाट दर्ता, नविकरण, नियमन एवं सहजीकरणको कार्य गरीने छ।

१३. बाँके राष्ट्रिय निकुञ्ज र यस आसपासका क्षेत्रमा भई रहेको मानव वन्यजन्तु बीचको द्वन्द्व तथा जंगली जनावारका कारणले हुने बालीनाली, पशुचौपाया र मानवीय क्षतिको न्यूनिकरण, राहत तथा उचीत क्षतीपुर्तीका लागि आवश्यक समन्वय, सहकार्य एवं साझेदारी गरिने छ।

| | | |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम,थर : दान बहादुर ऐडी | नाम : मनिषा सिंह थारु | नाम : तप्त बहादुर पौडेल |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : गाउँपालिका उपाध्यक्ष | पद : गाउँपालिका अध्यक्ष |

मनिषा सिंह थारु
उपाध्यक्ष

तप्त बहादुर पौडेल
अध्यक्ष

राप्ती सोनारी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय अगैया, बाँके लुम्बिनी प्रदेश, नेपाल

## अनुसूची-२

## सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

**अनुसूची-३**

**गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको**

**नागरिक प्रतिवेदन (Citizen Report Card) पत्रको नतिजा**

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

**अभिमत संकलन गरिएको संख्या : ५० जना**

## प्रश्नावली भाग-१

राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा (४८) को उपदफा (१) अनुसूची-१९ अनुसार सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिक प्रतिवेदन पत्र संकलन गरिएको छ। नागरिक प्रतिवेदनपत्र समग्र राप्ती सोनारी गाउँपालिका सबै वडाबाट जम्मा ५० जना बाट संकलन गरिएको छ। यी ५० जनाले सम्पूर्ण वडाबासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ।

| | |
|---|---|
| १ | **सेवाको सन्तुष्टि** |
| | १.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?<br>सन्तुष्ट (४०% ) ठीकै (५०%) असन्तुष्ट (१०%)<br>१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (४०%) ठीकै (६०%) असन्तुष्ट (०) |
| २ | **सेवाको नियमितता** |
| | २.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (५०%) ठीकै (५०%) असन्तुष्ट (०)<br>२.२ कार्यालय नियमिति रुपमा (पदाधिकारी र कर्मचारीको उपस्थिति,समय पालना, कार्यचुस्तता)संचालन भएको छ भन्ने कुरामा कत्तिको विश्यस्त हुनुहुन्छ ?<br>विश्वस्त (४०%) ठीकै (६०%) अविश्वस्त (०)<br>२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?<br>तिरेको छैन (१००%) एकदमै कम (०) धेरै तिरेको (०)<br>२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधा नगर्न औसत कति दिन लगाउने गरेको छ ?<br>१ दिन (४०%) २ दिन (४०%) धेरै दिन (०) |
| ३ | **सेवा प्रतिको जनविश्वास** |
| | ३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?<br>विश्वस्त (६०%) ठीकै (४०%) अविश्वस्त (०)<br>३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?<br>धेरै (८% ) ठीकै (३२%) गरेको छैन् (६०%)<br>३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाई विश्वास कतिको छ ?<br>धेरै (४०%) ठीकै (६०% ) विश्वास छैन (०)<br>३.४ यस कार्यालयले विपन्नवर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?<br>छ (२०%) छैन् (५०%) अलिअलि थाहा छ (३०%) |
| ४ | **सेुवाको गुणस्तर** |
| | ४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?<br>सन्तुष्ट (७०%) कम सन्तुष्ट (२०%) असन्तुष्ट (१०%)<br>४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ?<br>आफै (७०%) गाउँका ठूलावडाको (२०%) मध्यस्तकर्ता (१०% )<br>४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?<br>१ पटक (६०%) २ पटक (३०%) सो भन्दा बढि (१०%) |
| ५ | **सेवा सम्बन्धी जानकारी** |
| | ५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?<br>अति राम्रो (४०%) ठीकै (६०%) नराम्रो (०) |

| | |
|---|---|
| | ५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाई जानकारी छ ?<br>छ (२०%) आंशिक जानकारी छ (४०%) कुनै जानकारी छैन (४०%)<br>५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br>अति राम्रो (५०%) ठीकै (४०%) खासै राम्रो छैन (१०%)<br>५.४ गाउँपालिका तहमा संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br>२० प्रतिशत जति (२५ %) ५० प्रतिशत भन्दा माथि (३५%) थाहा छैन् (४०%)<br>५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?<br>छ (३०%) ठीकै छ (४०%) प्रतिनिधित्व साह्रै कम छ (३०%) |
| ६ | **नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा** |
| | ६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन ?<br>धेरै (१२ % ) कम (४०% ) गरेको छैन (५८%)<br>६.२ तपाईको विचारमा गाउँपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?<br>धेरै (४०%) ठीकै (४०%) अतिकम (२०%)<br>६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?<br>धेरै भएको छ (३०%) ठीकै भएको छ (२५%) भएकै छैन् (४५%) |

## नागरिक प्रतिवेदन

(Citizen Report Card)

**प्रश्नावली भाग-२**

| | |
|---|---|
| १ | **सिफारिस सम्बन्धी** |
| | १.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ (८०%) ठीकै पाएँ (२०% ) स्पष्ट पाइँन (०)<br>१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ?<br>दिएँ (०) थोरै दिएँ (०) मागिएन र दिइएन पनि (१००%)<br>१.३ त्यहाँबाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ?<br>आफै (६०%) मध्यस्थकर्ता वा कार्यकर्ता एकै (२०%) नेता/ठूला बडा (२०%)<br>१.४ राजस्व कोकसँग उठाउने गर्दछन ?<br>सबैसँग उठाउँछन (८०%) सिमित व्यक्तिसँग मात्र उठाउँछन (०) आयको आधारमा उठाउँछन (२०%)<br>१.५ शूल्क, सेवा दस्तुर को-कससँग उठाउने गर्दछन ?<br>सेवाग्राहीसँग उठाउने गरेको छन् (१००%) कुनै-कुनै सेवाग्राहीसँग उठाउने गरेका छन (०) |
| २ | **पूर्वाधार, वातावरण र सरसफाई सम्बन्धी** |
| | २.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो (६०%) ठीकै (४०%) खराब (०)<br>२.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ (४०%) पटक-पटक भनेपछि मात्रै हुन्छ (४०%) जतिभने पनि हुन्न (२०%)<br>२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धि कार्यक्रम के -कस्तो किसिमले गर्छ ?<br>नियमित र राम्रोसँग (५०%) ठीकै गर्छ (५०%) नियमित रुपमा गर्दैन (०)<br>२.४ तपाईको गाउँपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?<br>राम्रो (४०%) ठीकै (६०%) खराव (०)<br>२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कति प्रभावकारी छन?<br>प्रभावकारी छन (४०%) ठीक छन (६०% ) प्रभावकारी छैनन (०)<br>२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ?<br>सहज (४० % ) असहज (०) ठिकै (६०%) अप्ठयारो (०) |

| | |
|---|---|
| | २.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ?<br>पर्दैन (१००%) मागेरै लिन्छन (०) रकम नदिए अप्ठ्यारो पार्छन (०)<br>२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>सजिलै पाइयो (७0%) कहिलेकाँही पाइयो (२०% ) मागगर्दा पनि पाईएन (६0%)<br>२.९ गाउँपालिकामा विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सजिलै पाइन्छ (६0%) सोधेपछि पाइन्छ (४0%) सोधे पनि पाइदैन (0)<br>२.१० गाउँपालिकाबाट आचार संहिता पालना भएको छ ?<br>पालना भएको छ (४०) ठीकै पालना भएको छ (६0%) कत्तिपनि पालना भएको छैन् (0)<br>२.११ आयोजना संचालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छु (६0%) ठीकै सहयोग पाएको छु (४0% ) निरुत्साहित गरिन्छ (0) |
| ३ | **गाउँपालिकाको वित्तीय व्यवस्थापन** |
| | ३.१ आर्थिक श्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध (३0% ) कम श्रोत उपलब्ध (६0% ) अतिकम श्रोत उपलब्ध (१0%)<br>३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>अति सरल (५0%) ठीकै (४0% ) जटिल (१0%)<br>३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ?<br>आवश्यक सीप छ (१00%) आवश्यकता भन्दा कम छ (0) सीप निकै कम छ (0)<br>३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?<br>टाँसेको देखेको छु (0) कहिलेकाहीँ टाँसेको देखिन्छ (१0%) खै कतै देखिएन (९0%)<br>३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?<br>छ (७0%) ठिकै मूंल्याङ्कन हुने गरेको छ (३0% ) कहिले पनि भएको थाहा छैन (0)<br>३.६ कार्य संचालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (२0%) ठीकै (३0%) कुनै जानकारी छैन (५0%) |
| ४ | **पारदर्शिता सम्वन्धी** |
| | ४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>धेरै जानकारी पाएको छु (२0%) ठीकै जानकारी पाएको छु (६0%) कम जानकारी पाएको छु (२0%)<br>४.२ गाउँपालिकाले निमार्ण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगती आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ (४0%) हुने गरेको छैन् (0) जानकारी छैन (६0%)<br>४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?<br>वेवसाइट (५0%) सूचना पाटी (२0%) पत्रपत्रिका र मिडिया (१0%) सार्वजनिक सुनुवाई (१0%)<br>४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ?<br>सहजै पाए (६0%) धेरै पटक भनेपछि पाए (३0% ) पाइन (१0%) वास्ता नै गरिएन (0) |

## सेवाग्राही बहिर्गमन अभिमत
**(Exit Poll)**

राप्ती सोनारी गाउँपालिकाको **सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८०** को दफा (४८) को उपदफा (१) अनुसूची-२० अनुसार सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि नागरिक प्रतिवेदनका साथ साथै सेवाग्राही बहिर्गमन अभिमत पनि अत्यन्त आवश्यक रहेको हुन्छ । सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारि बनाउने अभिप्रायले बहिर्गमन अभिमत संकलन गरिएको छ । बहिर्गमन अभिमत ५० जना वडाबासि बाट संकलन गरिएको थियो । ५० जनाले सम्पुर्ण वडा वासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

| सि.नं. | सेवाको नाम | स्वःमूल्यांकन नतिजा | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ? | अति स्पष्ट (३0%) | ठीकै (७0%) | अस्पष्ट (0 ) |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (७0%) | ठीकै (३0%) | थेरै (0) |

| | | | | |
|---|---|---|---|---|
| ३ | तपाईले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (७०%) | ठीकै (३०%) | अभद्र/अमर्यादित (०) |
| ४ | सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क - दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरि दिए (५०%) | ठीकै (५०%) | अलमल हुने गरि अस्पष्ट सुचना दिए (०) |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (३०%) | ठीकै (७०%) | समाधान दिन सकेनन् (०) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (५०%) | ठीकै (५०%) | लामो (०) |

## ९. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

– यसैगरी हामिले कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भनि प्रश्न सोधेका थियौ । जसमा राम्रा लागेका कुराहरु र सुधार गर्नुपर्ने विषयहरु यसप्रकार प्रस्तुत गरिएको छ ।

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| ○ खानेपानीको व्यवस्थापन राम्रो रहेको छ।<br>○ कार्यालय परिसरमा सूचना पार्टी राखिएको छ ।<br>○ कार्यालयको सूचना पार्टीमा आवश्यक सबै सुचनाहरु राखिएका हुन्छन।<br>○ गाउँकार्यपालिकाको कार्यालय सफा रहेको छ ।<br>○ पालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी मिलनसार र सहयोगी छन् ।<br>○ सबै वडा कार्यालयहरुबाट आवश्यक पर्ने सबै सेवा प्रवाह गरिएको छ ।<br>○ वडा स्तरमा स्वास्थ्य सेवा विस्तार गरिएको छ ।<br>○ सबै वडाका टोलहरुमा टोल विकास संस्थाहरुको गठन र उनीहरुमार्फत विकास निर्माणका कार्यहरु अगाडि बढाईएको छ ।<br>○ जनप्रतिनिधिहरु र आम नागरिक विच आवश्यक समन्वय हुने गरेको छ ।<br>○ पालिकाले चालु आ.व.२०८१/०८२ मा रु.९२,१८,५१,४५०।- (अक्षेरुपी बयानब्बे करोड अठार लाख एकाउन्न हजार चार सय पचास रुपैयाँ) को कुल अनुमानीत बजेट तथा कार्यक्रम ल्याएको छ जसमा रु.३२,७५,७१,४५०।-(अक्षेरुपी बत्तिस करोड पचहत्तर लाख एकहत्तर हजार चारसय पचास) आन्तरिक श्रोत जुन ३५.५३ प्रतिशत रहेको छ ।<br>○ गाउँपालिकाले सबै वडालाई समानुपातिक रुपमा रु.९५,००,०००।- (अक्षेरुपी पन्चानब्बे लाख) का दरले बजेट विनियोजन गरेको छ ।<br>○ गाउँपालिकाले पूवाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, वन तथा वातावरण, कृषि तथा पशुपन्छी विकास, महिला तथा वालवालिका, सहकारी, कानून तथा न्याय, आयुर्वेद, भूमि व्यवस्थापन, सहकारी लगायत सबै क्षेत्रको समुचित विकासका लागि यथोचित रुपमा बजेट तथा कार्यक्रम तर्जूमा गरेको छ ।<br>○ गाउँपालिकाले दीगो रुपमा प्रतिफल प्रदान गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका बहुउद्देश्यीय भवन/कर्भड हल, शित भण्डार, अन्तरपालिका तथा वडाहरुलाई जोडने सडक, पुलपुलेसा र पर्यटकीय क्षेत्रको समुचित विकासमा प्रयाप्त ध्यान दिएको र सोही अनुरुपको वार्षिक नीति, | ○ पालिकाले जेष्ठ नागरिकको लागि विशेष कार्यक्रम तर्जूमा गरी संचालन गर्नुपर्ने ।<br>○ पालिका तथा वडा कार्यालयमा नारिक वडा पत्रको नियमित रुपमा अध्यावधिक गरिनु पर्ने ।<br>○ पालिकाको तर्फबाट बाँके राष्ट्रिय निकुञ्ज अर्न्तगतको मध्यवर्ती क्षेत्रमा पूर्वाधार विकासको कार्य (बाटो, नाली, खानेपानी, ढल, विधुत विस्तार, तटबन्धन र सिंचाई आदि) गर्न आवश्यक पहल र समन्वय गरिनु पर्ने ।<br>○ गाउँपालिका तथा वडाको बस्तु स्थिति विवरण (प्रोफायल) निमार्ण गरीनुपर्ने ।<br>○ हेल्पडेस्क प्रभावकारी रुपमा संचालन गरिनु पर्ने ।<br>○ लक्षित वर्गको आर्थिक सामाजिकरुपान्तरण हुने खालका कार्यक्रमहरु संचालन गरिनु पर्ने ।<br>○ किसानको कृषि उपज, दुध तथा पशुपन्छीको बजारीकरणमा आवश्यक कार्य गरिनु पर्ने ।<br>○ युवाहरुलाई स्वरोजगार सिर्जना हुने र युवाको समग्र विकासमा टेवा पुग्ने खालका योजना तथा कार्यक्रम संचालन गरिनु पर्ने ।<br>○ गाउँपालिका क्षेत्रमा उत्पादन हुने घरायसी एवं औधोगिक फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि कार्य गर्नुपर्ने ।<br>○ गाउँपालिकाले दोहोरो नहुने गरी कर, शुल्क तथा दस्तुर उठाउनु पर्ने ।<br>○ विकास निमार्णका कार्यहरु समयमा नै सम्पन्न गरिनु पर्ने (बर्षाको समयभन्दा पहिला नै) ।<br>○ गाउँपालिकाको अधिकार क्षेत्रभित्रमा पर्ने कालोपत्रे लगायतका सडक र बाटोहरुको समयमा नै मर्मत संम्भार गरीनु पर्ने ।<br>○ पालिकालाई पर्यटन, कृषि र शिक्षाको क्षेत्रमा सुधारका लागि क्षेत्रगत योजनाहरु निर्माण गरी कार्यान्वय गरिनु पर्ने ।<br>○ सार्वजनिक सम्पतिको संरक्षण गरिनुपर्ने ।<br>○ वन्यजन्तुबाट हुने क्षतीको न्यूनीकरण र क्षतिपुर्तीको कार्यलाई सरल र सहज गर्नुपर्ने ।<br>○ गाउँपालिका तथा वडा कार्यालयबाट हुने तालिम तथा अन्य लक्षित वर्ग उत्थान सम्बन्धी कार्यक्रमको बारेमा सबैलाई जानकारी गरिनु पर्ने ।<br>○ विकास निर्माणको काम समान ढंगले हुनुपर्ने । |

| | |
|---|---|
| योजना तथा कार्यक्रममा प्रयाप्त ध्यान दिएको छ ।<br>○ पालिकाले सुशासन, पारदर्शिता र जवाफदेहिता अभिबृद्धिका लागि आफ्नो वेभसाइटमा सबै सूचना तथा जानकारीहरु राखेको, नियमित रुपमा अध्यावधिक (Update) गरेको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम समयमा नै गाउँ सभाबाट पारित गराई कार्यान्वयनमा लिएको छ ।<br>○ यस पालिका प्राकृतिक श्रोत र साधनका हिसाबले सम्पन्न र भौगोलिक रुपमा ठुलो एवं विकट हुनुको नाताले संम्भावना र चुनौती दुबै रहेको छ ।<br>○ वडा स्तरमा विनियोजित बजेट तथा कार्यक्रमले सबै क्षेत्रको सन्तुलित विकासमा ध्यान दिएको छ ।<br>○ समयमा नै पालिकाको तर्फबाट विकास निर्माणको लागि टेण्डर (ठेक्का) आब्हान भएको छ । | ○ निःशुल्क पशुपन्छी र कृषि बीमाको व्यवस्था हुनुपर्ने ।<br>○ महिला स्वयंसेविका कोषको स्थापना गरिनुपर्ने ।<br>○ मदिरा नियन्त्रण गरिनुपर्ने ।<br>○ सकुम्बासी भूमिहिनलाई लालपुर्जा वितरण गरिनुपर्ने ।<br>○ सरसफाई तथा बजार व्यवस्थापनमा ध्यान दिनुपर्ने ।<br>○ सफा र सुरक्षित खानेपानी वितरणका लागि काम गरिनु पर्ने ।<br>○ चिल्ड्रेन पार्क निर्माण गरिनुपर्ने ।<br>○ लागु औषध तथा दुर्व्यसनको न्युनिकरणको लागि आवश्यक कार्य गरिनुपर्ने ।<br>○ खोलाको ठेक्का प्रक्रियामा स्थानीय समुदायको सहभागितामा समेत गराउन पहल गरिनुपर्ने ।<br>○ विपन्न महिलाहरको स्वरोजगारीको व्यवस्था गरिनुपर्ने ।<br>○ नागरिक वडापत्र सबैले देख्ने स्थानमा राखिनुपर्ने ।<br>**१.कृषि तथा पशुपन्छी**<br>**सुधार गर्नुपर्ने विषयहरु**<br>○ वडा स्तरमा कृषि र पशुका सेवा बारेमा जानकारी एवं प्रचार प्रसार गरिनुपर्ने ।<br>○ पशुपन्छीमा हुने महामारी रोगहरुका बारेमा जनचेतना गराउनु पर्ने ।<br>○ पशुहरुलाई आवश्यक पर्ने सबै प्रकारका खोपहरु पालिकाबाट निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने ।<br>○ तरकारीको बजारीकरणमा सहयोग गरिनु पर्ने ।<br>○ कृषि पकेट क्षेत्र तोकि सोही अनुसारको कार्यक्रम तर्जूमा गरिनु पर्ने ।<br>○ कृषि तथा पशुपन्छी विकास शाखामा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रमको व्यवस्था हुनुपर्ने ।<br>**२.स्वास्थ्य शाखा**<br>**सुधार गर्नुपर्ने विषयहरु**<br>○ थारु समुदायमा रहेको सिकलसेल र थालेसिमिया रोगको पहिचान गरी उपचारमा सहयोग गरिनुपर्ने ।<br>○ नेपाल सरकारबाट प्रदान हुने ८४ प्रकारका निःशुल्क औषधीहरुको विवरण नागरिक वडापत्रमा राखिनुपर्ने ।<br>○ एच.आई.भी.संक्रमितहरुको बीमा गरिनु पर्ने ।<br>○ कुपोषित बालबालिकाहरुलाई पोषण सम्बन्धी खाना र उपचार गरिनुपर्ने ।<br>○ मुस्लिम तथा मधेशी समुदायमा परिवार नियोजन सम्बन्धी संचेतनामूलक कार्यक्रम संचालन गरिनुपर्ने ।<br>○ पालिका स्तरीय घुम्ति शिविरको आयोजना गरी स्वास्थ सेवा विस्तार गरिनु पर्ने<br>○ स्वास्थ्य संस्थाहरुलाई सेवा प्रवाह गर्न पुग्ने बजेटको व्यवस्थापन गरिनुपर्ने । |

## अनुसूची-३

## सार्वजनिक सुनवाईको समाचार प्रकाशन

राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) को सहजिकरणमा सम्पन्न भएको यस प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार न्यूज मानसरोवर र सिद्धपाइला अनलाईन दैनिक र मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको थियो ।

NEWS mansarovar

# राप्तीसोनारी गाउँपालिकाले सम्पन्न गर्यो सार्वजनिक सुनवाई

न्युज मानसरोवर

99 Shares




**बाँके** \राप्तीसोनारी गाउँपालिकाले आफ्नो प्रथम चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१\ ०८२ को प्रथम चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको हो ।



उत्पीडित सामुदायिक विकास केन्द्र बाँकेको सहजीकरण तथा राप्तीसोनारी गाउँपालिकाको आयोजनामा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सुशासन जवाफदेहीता सम्बन्धित सार्वजनिक सुनवाइ गरेको हो ।



प्रथम चौमासिकमा गाउँपालिकाले आर्थिक कारोबार ४५ लाख आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडीले बताए ।

उनले चौमासिक प्रगति विवरण प्रस्तुत गर्दै शाखागत रुपमा समिक्षा नीतिगत सुधार बजेट कार्यान्वय योजना छनोट टोल विकास समिति गठन लगाएतका कार्य योजनामा काम गर्दै आइरहेको जानकारी गराए

उनले नीतिगत तथा जवाफदेहीताका निम्ति गाउँपालिकाले आयोजनाहरु ठेक्का मार्फत गरिरहेको बताए । त्यसै गरी गाउँपालिका अध्यक्ष तप्त बहादुर पौडेलले गाउँपालिकाको विकास निमार्णमा सबैको सहयोग र सहकार्य हुन आवश्यक रहेको बताए ।



उनले गाउँपालिकाका सबै वडाहरुमा सम्मान विकास गर्नका लागि नीतिगत रुपमा वडामा नै बजेटको व्यवस्थापन गरिएको बताए ।
उनले किसानका उत्पादित बस्तुहरुको बजारीकरण गर्नाका निम्ति कृषि हाट बजार , कोल्ड स्टोर जस्ता आयोजनाहरु समेत निमार्ण गरिने औंल्याए ।

सार्वजनिक सुनवाइ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनिसा सिंह थारुले महिला तथा बालबालिकाहरुको क्षेत्रमा आवश्यक बजेट मार्फत विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको बताईन।



उनले महिला शशक्तिकरण गर्नाका निम्ति समेत पालिका स्तरमा विभिन्न संघ संस्थाहरुसँग समन्वय सहकार्य मार्फत कार्यक्रमहरु संचालन भइरहेको बताईन। दुई सय भन्दा माथिको सहभागिता १३ बुँदे प्रतिवद्धता गाउँपालकाले जनाएको छ । सार्वजनिक सुनवाइ कार्यक्रममा विषयगत शाखाका प्रमुखहरुको समेत सहभागिता रहेको थियो ।

**२८ मंसिर २०८१, शुक्रबार प्रकाशित**




सिद्धपाइला

# राप्तीसोनारी गाउँपालिकाको सार्वजनिक सुनुवाई : पहिलो चौमासिकमा ४५ लाख आम्दानी

सिदपाइला  २०८१ मंसिर २९, शनिबार ०५:०५

24 Shares



नेपालगन्ज : बाँकेको राप्तीसोनारी गाउँपालिकाले आफ्नो प्रथम चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१ ०८२ को प्रथम चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम गरेको हो ।

प्रथम चौमासिकमा गाउँपालिकाले आर्थिक कारोबार ४५ लाख आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी बताउँछन् ।

उनले चौमासिक प्रगति विवरण प्रस्तुत गर्दै शाखागत रुपमा समिक्षा नीतिगत सुधार बजेट कार्यान्वय योजना छनोट टोल विकास समिति गठन लगाएतका कार्य योजनामा काम गर्दै आइरहेको जानकारी दिए ।

गाउँपालिका अध्यक्ष तप्त बहादुर पौडेल गाउँपालिकाको विकास निमार्णमा सबैको सहयोग र सहकार्य हुन आवश्यक रहेको बताउँछन् ।

गाउँपालिकाका सबै वडाहरुमा सम्मान विकास गर्नका लागि नीतिगत रुपमा वडामा नै बजेटको व्यवस्थापन गरिएको उनले बताए । किसानका उत्पादित बस्तुहरुको बजारीकरण गर्नाका निम्ति कृषि हाट बजार , कोल्ड स्टोर जस्ता आयोजना समेत निमार्ण गरिने अध्यक्ष पौडेल बताउँछन् ।

सार्वजनिक सुनवाइ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनिसा सिंह थारुले महिला तथा बालबालिकाको क्षेत्रमा आवश्यक बजेट मार्फत विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको बताईन।

महिला शशत्तिकरण गर्नाका निम्ति समेत पालिका स्तरमा विभिन्न संघ संस्थाहरुसँग समन्वय सहकार्य मार्फत कार्यक्रमहरु संचालन भइरहेको बताईन। दुई सय भन्दा माथिको सहभागिता १३ बुर्दे प्रतिवद्धता गाउँपालिकाले जनाएको छ ।

उत्पीडित सामुदायिक विकास केन्द्र बाँकेको सहजीकरण तथा राप्तीसोनारी गाउँपालिकाको आयोजनामा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सुशासन जवाफदेहीता सम्बन्धित सार्वजनिक सुनवाइ गरेको पालिकाले बताएको छ ।

ADVERTISEMENT



राष्ट्रिय 'क' वर्गको पत्रिका
15 Years MISSION
नेपाल सम्वत् ११४५
मार्ग शुक्ल चतुर्दशी
पूर्णिमा व्रत
www.missiontodaynews.com
'सूचनामा तपाईंसँगको साझेदारी'
# मिसन टुडे
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित
राष्ट्रिय दैनिक

बढी बिक्ने, उत्क
बनाउने एउ
स्माईल
जानकारी को लागी 980172005

वर्ष : १५, अंक १६५ पृष्ठ ४ शनिबार २९ मंसिर २०८१ (SATURDAY 14 DECEMBER 2024) मूल्य रु. ५ E-mail: missiontodaydaily@gmail.com विज्ञापन र समाचारका लागि: ९८५१३१९५६८



## राप्ती सोनारीको १३ बुँदे प्रतिबद्धता



**मिसन संवाददाता**
*राप्ती सोनारी, २८ मंसिर*

राप्ती सोनारी गाउँपालिकाले आफ्नो प्रथम चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको छ। १३ बुँदे प्रतिबद्धता व्यक्त गर्दै गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको हो।

उत्पीडित सामुदायिक विकास केन्द्र बाँकेको सहजीकरण तथा राप्ती सोनारी गाउँपालिकाको आयोजनामा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धमा सार्वजनिक सुनवाइ गरेको हो।

गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले गाउँपालिकाको विकास निमार्णमा सबैको सहयोग र सहकार्य गर्दै सबै वडाहरूमा समान विकास गर्नका लागि नीतिगत रूपमा वडामा नै बजेटको व्यवस्थापन गरिएको बताए। किसानका उत्पादित बस्तुहरूको बजारीकरणका निम्ति कृषि हाट बजार, कोल्डस्टोर जस्ता आयोजनासमेत निर्माण गरिने जानकारी दिए।

सार्वजनिक सुनवाइ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मनिसा सिंह थारूले महिला तथा बालबालिकाको क्षेत्रमा आवश्यक बजेटमार्फत विभिन्न कार्यक्रम गरिएको बताइन्।

उनले महिला सशक्तीकरणका निम्तिसमेत पालिकास्तरमा विभिन्न संघसंस्थाहरूसँग समन्वय र सहकार्यमार्फत कार्यक्रमहरू सञ्चालन भइरहेको जानकारी दिइन्। प्रथम चौमासिकमा गाउँपालिकाले आर्थिक कारोबार ४५ लाख आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत दानबहादुर ऐडीले बताए। उनले चौमासिक प्रगति विवरण प्रस्तुत गर्दै शाखागत रूपमा समीक्षा, नीतिगत सुधार, बजेट कार्यान्वय, योजना छनोट, टोल विकास समिति गठनलगायतका कार्ययोजनामा काम गर्दै आइरहेको जानकारी दिए।

## सुदूरपश्चिम रोयल
## पार्टनरमा हिम

काठमाडौं। सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)को टोली सुदूरपश्चिम रोयल्स र हिमाल डेन्टल अस्पतालबीच प्रायोजन सम्झौता भएको छ।

काठमाडौंमा एक कार्यक्रममाझ हिमाल डेन्टल र सुदूरपश्चिम रोयल्सबीच हाइजिन पार्टनरका लागि सम्झौता भएको हो। सम्झौतामा हिमाल डेन्टलका तर्फबाट अध्यक्ष राजेन्द्रप्रसाद भट्ट र सुदूरपश्चिम रोयल्सका तर्फबाट सीईओ प्रकाश खड्




**छेडागाड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कार्किगाऊ, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति २०८१/०८/२८ गते**

यस कार्यालयबाट मिति २०८१/०७/९ गते दैनिक पत्रिकामा Janapriya Ma vi Adminstraction Building construction CM/NCB/Works/01/81/82 सूचना अनुसार प्राप्त हुन आएका फर्महरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याकंन गर्दा सबैभन्दा कम अंक कबोल गर्ने देहाय बमोजिम बोलपत्रदाताको बोल पत्र न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S. N. | IFB No. | Specification | Contactor Name and Address | Bid Price (WithVat) |
|---|---|---|---|---|
| 1 | CM/NCB/ Works/ 01/81/82 | Janapriya Ma vi Adminstraction Building construction | Parash Nirman sewa khandachakra kalikot | NPR. 7615203.89 |

**प्रमुख प्रशासकीय अधिकृत**

## डकुमेन्ट हराएको सूचना

मिति २०८१/०८/२१ गते सुर्खेतदेखि कोहलपुर आउने क्रममा पार्वती भण्डारीको नाममा रहेको एस.एल.सी., एच.ए., एन.एच.पी.सी.को सम्पूर्ण डकुमेन्ट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**नाम:** पार्वती भण्डारी **ठेगाना:** गोठीचौर-५, जुम्ला
**एस.एल.सी.र.नं.:** 70630/2009 **सिम्बल नं.:** 0630376F
**एच.ए.र.नं.:** HA-0024-2015F16
एन.एच.पी.सी.र.नं.: B-15801 Med GM

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | SINGLE DOOR | GODREJ | RD EDGE 205BXP TDF BR WN | 190 Ltr | INDIA | SET | NPR | 34,090/- | |

स्थायी लेखा नं.: ३०३६६८८८८

## अनुसूची-४
## सार्वजनिक सुनवाईमा उपस्थिति फोटोहरुः
































स्थानीय तहका सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति :
स्थान :
सहजीकरण
आयोजक

स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति :
स्थान :


प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम




स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम


प्रथम चौमासिक सार्वजनिक सुनुवाई
मिति :
स्थान :
सहजीकरण


स्थानीय तहको सेवा प्रवाहमा सुशासन र जवाफदेहिता सम्बन्धी
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति :
स्थान :